**स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदाय र समूहका लागि आयोजित**

सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रमको

**प्रतिवेदन**

**प्रतिवेदक**

**शाखाअधिकृत जीवन कुँवर**

**राष्ट्रिय सूचना आयोग**

**काठमाडौँ**

**२०८०**

**कार्यक्रम स्थानः रोल्पा नगरपालिका , रोल्पा**

**मितिः २०८०/१०/२९**

पृष्ठभूमि

नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । नेपालको संविधानको धारा २७ मा सूचनाको हक अर्न्तगत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ । सोही ऐनले नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यबस्था गरेको छ ।

प्रस्तुत सन्दर्भमा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समूदाय र समूहका लागि आयोजित सूचनाको हक सम्बन्धीअन्तरक्रिया कार्यक्रम मिति २०८०।१०।२९ गते रोल्पा नगरपालिका , रोल्पामा सम्पन्न गरिएको थियो ।

राष्ट्रियगानबाट शुरु भएको उक्त कार्यक्रममा नगरपालिकाको उप प्रमुख तथा प्रमुख  अतिथि  गीता आचार्यले औपचारिक शुभारम्भ गर्नुभएको थियो । आयोगका तर्फबाट आयोगका सचिव होमप्रसाद लुँईटेले नेपालमा सूचनाको हकको अभ्यास विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रमलाई सूचना आयोगका शाखा अधिकृत जीवन कुँवरले सञ्चालन गर्नुभएको थियो भने आयोगका शाखा अधिकृत डिल्ली राम भ§ले स्वागत मन्तव्य र कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो ।

**कार्यक्रमको उद्देश्य**

- सूचनाको हक सम्बन्धी कानूनी प्रावधान,यसको उपादेयता लगायतका विविध पक्षहरुवारे स्थानीय सरोकारवालाहरुलाई जानकारी गराउने ।
- सूचना ⁄कानून सम्बन्धमा कुनै द्विविधा भएमा छलफलको माध्यमद्धारा उचित निष्कर्षमा पुग्ने ।
- सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व र कानुनी प्रावधानका वारेमा प्रकाश पार्ने ।

**कार्यक्रमका सहभागीहरु र भूमिका**

१. अध्यक्षता : प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गज्यू, राष्ट्रिय सूचना आयोग

२. प्रमुख अतिथिः रोल्पा नगरपालिकाको उपप्रमुख गीता आचार्य

३ अतिथिः जिल्ला प्रशासन कार्यालय रोल्पाका सहायक प्रमुख जिल्ला अधिकारी लेखनाथ खतिवडा

४ अतिथिः प्रमुख प्रशासकिय अधिकृत महेन्द्र पराजुली

५.कार्यपत्र प्रस्तोताः सचिव  श्री होम प्रसाद लुँईटेल राष्ट्रिय सूचना आयोग

६. स्वागत मन्तव्य :  शाखा अधिकृत डिल्ली राम भ§ राष्ट्रिय सूचना आयोग

८.कार्यक्रम सञ्चालकः शाखा अधिकृत श्री जीवन कुँवर , राष्ट्रिय सूचना आयोग

**कार्यक्रमका अन्य सहभागीहरुः–**
**रोल्पा नगरपालिकाका उपप्रमुख**

- रोल्पा नगरपालिकाका  वडा अध्यक्षज्यूहरु
- रोल्पा नगरपालिकाका कर्मचारीज्यूहरु
- रोल्पा नगरपालिकाका भित्रका विभिन्न समूह र समूदायका प्रमुख एवं प्रतिनिधिहरु
- रोल्पा नगरपालिकाका स्थीत विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु
- रोल्पा नगरपालिका विभिन्न वडाका सर्वसाधारण नागरिकहरु
- सञ्चारकर्मी एवं सूचनाको हकका अभियन्ताहरु लगायत विभिन्न व्याक्तित्वहरुको गरि ८४ जनाको  सहभागिता रहेको थियो
  ।

**कार्यक्रममा स्वागत मन्तव्य**

आयोगका शाखा अधिकृत डिल्ली राम भ§ले कार्यक्रममा स्वागत मन्तव्य र उद्देश्य माथि प्रकाश पार्दै कुनै पनि सूचना माथिको सहज पहुँचनै सूचनाको हक हो भन्दै  मानवलाई प्रत्याभुत गरिएका अधिकारहरु मध्ये सूचनाको हक सर्वश्रेष्ठ अधिकारका भएकोर यसलाई नेपालको संविधानको धारा २७ मा व्यवस्था गरिएको,प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भनी मौलिक हकका रुपमा समेत उल्लेख गरिएको वताउनु भयो । यस क्रममा आयोगले आयोगमा दर्ता भएका उजुरी, निवेदन र पुनरावेदनमा फैसला तथा आदेश गर्ने, त्यस्तै आयोगले आफ्नो स्थापना कालदेखिनै सूचनाको हक सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम , अनुगमन , प्रशिक्षण लगायतका कार्य गरी सूचनाको हकलाई संरक्षण र प्रचलन गर्ने कार्य गर्दै आएको कुरा समेत व्यक्त गर्नुभयो ।
कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्ने क्रममा नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आशिंक सूचना मात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरुद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी, निवेदन तथा पुनरावेदन गर्न पाउने अधिकारको व्यवस्था रहेको र सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा पनि सार्वजनिक निकायहरु र त्यसमा पनि उक्त निकायका प्रमुखको भूमिका महत्वपूर्ण रहने हुनाले जनप्रतिनिधि,कार्यालय प्रमुख,सूचना अधिकारी र आम सरोकारवालाहरुलाई सूचनाको हक सम्बन्धी विषयमा जानकारी गराउनु, निजहरुले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउनु, सूचनाको हक सम्बन्धी विषयमा उत्पन्न भएका द्विविधाहरुलाई एउटै थलोवाट संवोधन गर्नु आदि कार्यक्रमको उद्देश्य रहेको बताउनु भयो ।
स्वागत मन्तव्यको अन्तमासूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित भएकोमा सहभागीहरुप्रति हार्दिक आभार व्यक्त गर्दै अन्तरक्रिया कार्यक्रममा सक्रिय सहभागिताका लागि समेत अनुरोध गर्नुभयो ।

**आयोगका सचिव श्री होम प्रसाद लुँइटेलज्यू बाट कार्यपत्र प्रस्तुती :**

आयोगका सचिव श्री होम प्रसाद लुँइटेलज्यूले सहभागीहरुमाफ नेपालमा सूचनाको हकको अभ्यास विषयक आफ्नो कार्यपत्र प्रस्तुत गर्ने क्रममा सूचनाको हक के हो ?सूचनाको हकको सैद्धान्तिक आधार, यसको उद्देश्य र सिद्धान्तहरुका साथै सूचनाकायसको आवश्यकता किन पर्दछ ? संघ ,प्रदेश र स्थानीय तह सवैमा यसको व्यवस्था छ छैन ? नागरिकको मौलिक हक भनेको के हो ? नेपालको संविधानमा सूचनाको हक सम्बन्धी कस्तो व्यवस्था छ ? सूचनाको हक सम्बन्धी कानूनी व्यवस्था र सार्वजनिक निकाय संग सूचना माग्ने विधि आदिका वारेमा वताउनु भएको थियो ।यस क्रममा उहाँले कुनै पनि नागरिकले सार्वजनिक सरोकारका विषयहरुको सूचना माग्न ,सोध्न र सोको जानकारी पाउने हक भएको ,जनतालाई राज्य प्रणालीका सवै गतिविधि जान्ने हक प्राप्त भएकोले सूचनाको हक आवश्यक परेको, सूचनाको हकलाई मौलिक हकका रुपमा पनि लिइएको,यसलाई संविधानमै व्यवस्था गरिएको , सूचनाको हक सम्बन्धी छुट्टै कानूनको व्यवस्था गरिएको कुरा आफ्नो प्रस्तुतीमा राख्दै सूचनाको हक सम्बन्धी सूचना कसरी माग्ने र त्यसको विधि के हो भन्ने विषयमा समेत प्रष्ट पार्नु भएको थियो ।

**सञ्चार कर्मी तथा नेपाल पत्रकार महासँघको जिल्ला अध्यक्ष श्री नविन गौचनको मन्तव्य** :

सञ्चार कर्मी नविन गौचनले यस कार्यक्रमले जनप्रतिनिधि , कर्मचारी लगायत सवैलाई सूचनाको हक कार्यान्वयन गर्न थप जिम्वेवार वनाएको भन्दै विद्यालय लगायत सवै सार्वजनिक निकायमा सूचनाको हक कार्यान्वयन गर्न सूचना अधिकारी राख्नु पर्ने विषय राख्नु भएको थियो ।

**वाड अध्यक्षज्यूको मन्तव्य :**

रोल्पा नगरपालिकाको विभिन्न वार्ड अध्यक्षहरुको प्रतिनिधीत्व गर्दै वडा नँ. १ का वार्ड अध्यक्ष्य ज्यूले यस कार्यक्रमले जनप्रतिनिधीहरुलाई सूचनाको हक कार्यान्वयन गर्न थप उत्साहित र सचेत वनाएको वताउनुभएको थियो ।

**सहायक प्रमुख जिल्ला अधिकारी श्री लेखनाथ खतिवडाको मन्तव्य :**

सहायक प्रमुख जिल्ला अधिकारी श्री लेखनाथ खतिवडाले जिल्ला प्रशासन कार्यालयले नियमित रुपमा सूचना अधिकारी ज्यूहरुको वैठक राख्ने गरेको , सूचना अधिकारीहरुको छुट्टै कार्यालयको मोवाईल नँवर व्यवस्था गरिएको व्यहोरा राख्नु भएको थियो । साथै आगामी दिनमा जिल्ला प्रशासन कार्यालयले सूचनाकको हक कार्यान्वयन गर्न प्रतिवद्ध र सहयोगी रहने व्यहोरा राख्नुभएको थियो ।

**कार्यक्रमका प्रमुख अतिथी  रोल्पा नगरपालिकाका उप प्रमुख गीता आचार्यवाट मन्तव्य:**

आयोगले रोल्पा नगरपालिकावाट यस किसिमको कार्यक्रम आयोजना गरिदिएर कर्मचारी,जनप्रतिनिधि र स्थानीय सर्वसाधारणलाई सूचनाको हकका विषयमा थोरै मात्र भए पनि जानकारी प्राप्त भएको , सूचना दिने विषयमा सरोकारवालाहरुलाई जानकारी प्राप्त भएको भन्दै सूचनाबाट कोही पनि बञ्चित हुन नहुने ,सूचना सवैका लागि महत्वपूर्ण र अनिवार्य भएकोले मागकर्तावाट माग भएका सार्वजनिक सरोकारका विषयका दिन मिल्ने सूचानाहरु दिलाउन आफू पनि लागि पर्ने भनाइ राख्नु भएको थियो ।

**आयोगका प्रमुख  सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गबाट कार्यक्रममा उठेका जिज्ञासाको जवाफ सहित समापन मन्तव्य:**

अन्तरक्रिया कार्यक्रममा सहभागीहरुको सक्रिय सहभागिता रहेको थियो। यसै क्रममा अन्नपूर्णपोष्ट दैनिकका पत्रकार श्री खेमवुढा मगरले स्थानीयतहले सूचनाको हक सम्वन्धी कार्यविधि तयार पारी वजेट व्यवस्थापन तथा सो सम्वन्धी सचेतनामुलक कार्यक्रम राख्नुपर्ने धारणा राख्नु भएको थियो । साथै हरेक सार्वजनिक निकायले स्वतः प्रकाशन अनिवार्य रुपमा गर्नु पर्ने र सार्वजनिक निकायका पदाधिकारीहरुमा उच्च सदारचारिता कायम हुनु पर्ने वताउनु भएको थियो । जलजला क्याम्पस प्रमुख श्री खिमवहादुर खड्का क्षेत्रीले  गोप्य राख्नु पर्ने सूचना के-के हुन भन्ने जिज्ञासा राख्नु भएको थियो साथै सूचनाको हक जनस्तरमा पुर्याउनु पर्ने सुझाव राख्नु भएको थियो । यसै क्रममा सामाजिक विकास समितिका सँयोजक ज्यूले आयोगले यस प्रकारको कार्यक्रम आयोजना गर्नु भएकोमा धन्यवाद प्रकट गर्दै जनप्रतिनिधिहरु सूचनाको  हक कार्यन्वयन गर्न प्रतिवद्ध रहेको व्यहोरा राख्नु भएको थियो साथै सूचानको हक कार्यान्यन गर्दा ध्यान दिनु पर्ने विषयहरु के -के हुन सक्छन भनि जिज्ञासा राख्नु भएको थियो । आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गबाट सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व र कानूनी प्रावधानका वारेमा  बताउँदै सूचना के हो ,सूचनाको हक किन ,सूचनाको हक सम्बन्धी विश्वव्यापी सिद्धान्तहरु, सूचनाका हकको संवैधानिक र कानूनी आधार, सार्वजनिक निकायको दायित्व, सूचना

अधिकारीको व्यवस्था, सूचनाको हकका विषयमा उजुरी दिने प्रक्रिया र पुनरावेदको व्यवस्था, सूचनाको संरक्षण गर्नुपर्ने र यसको दुरुपयोग गर्दा भोग्नु पर्ने कारवाही त्यस्तै दिनुपर्ने सूचना नदिएका कारण भोग्नु पर्ने सँजाय र क्षतिपूर्ती समेतको व्यवस्थाका वारेमा सविस्तार वताउनु भएको थियो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायलाई जिम्मेवार र जवाफदेही बनाउँदै पारदर्शिता र सुशासनको परिकल्पना गरेको कुरा प्रष्ट पार्दै ऐनले सार्वजनिक निकायको जिम्मेवारीलाई सम्बन्धित कार्यालयका प्रमुखको जिम्मेवारीका रुपमा परिभाषित गरेको र सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीमा भएको व्यवस्था, सूचना अधिकारी तोक्ने विषय, स्वतः प्रकाशन गर्नुपर्ने विषय , सूचना माग गर्दा सूचना दिनुपर्ने विषय, सार्वजनिक निकायको दायित्वको विषय, आयोगले गरेका आदेशहरुको कार्यान्वयन सम्बन्धी अवस्था र यसको राष्ट्रिय तथा अन्तराष्ट्रिय पृष्ठभूमिका वारेमा समेत प्रकाश पार्नुभएको थियो । मन्तव्यका क्रममा स्थानीय तह पारदर्शी र सहभागितामुलक भएको खण्डमा विकासले तिव्र गति लिने, नागरिकको विश्वास वढ्न जाने विषय राख्नुभएको थियो । सार्वजनिक सरोकारका विषयमा स्थानीय तहले स्वतः प्रकाशन लगायतका कार्य गरी आम सर्वसाधारणले सूचना माग्न नै नपरोस भन्ने कुरा राख्नुभयो । सार्वजनिक निकायले आफुले गरेको हरेक कार्य सार्वजनिक गर्दा सँस्थाको गरिमा वढ्ने व्यहोरा राख्नु भएको थियो । हामी पारदर्शी भयौं भने सूचना कसैले माग्नै पर्दैन, मनमा समझदारी र काँधमा जिम्मेवारी बहन गर्न सक्यौ, सहकार्यमै अगाडि बढ्न सक्यौं भने सबैको हित हुने भनाइ राख्नु हुँदै अन्तमा आयोगको आग्रहलाई स्वीकार गरेर कार्यक्रममा उल्लेख्य मात्रामा सहभागिहरु जुटाइदिएकोमा नगरपालिका परिवारलाई हार्दिक धन्यवाद दिनुभएको थियो ।

**उक्त कार्यक्रममा रु १ लाख ४५ हजार विनियोजन भएकोमा तपशिल बमोजिम खर्च भएको छ ।**

## खर्च विवरण

सूचनाको हक सम्बन्धि कार्यक्रममा खर्च भएको तेरिज : रोल्पा नगरपालिका, रोल्पा

| सि.नं. | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|
| १ | खाजा र पानी (१८०००+५०००) | २३,०००।०० |
| २ | कार्यपत्र प्रस्तुती १ जना | १,६०० ।०० |
| ३ | कार्यक्रम संयोजन र संचार | १,०००।०० |
| ४ | प्रतिवेदन लेखन | १,००० ।०० |
| ५ | स्टेशनरी, ब्यानर तथा विविध खर्च (९०००+१५००+५४४०) | १५,९४० ।०० |
| ६ | भ्रमण खर्च | ५७,३००।०० |
| ७ | इन्धन | ३७,००८।०० |
|  | **जम्मा खर्च भएको रकम** | **१,३६,८४८।००** |




सूचना हाम्रो अधिकार : सुशासन र विकासको आधार
स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदाय, समूह, सञ्चारकर्मी एवं सरोकारवालाहरुसंग
सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम
२०८० माघ २९ गते, सोमबार
रोल्पा नगरपालिका, रोल्पा ।
राष्ट्रिय सूचना